आज मिति २०८२/०६/२९ गते यस निस्दी गाउँपालिकाको ९४ औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. प्रमुख प्रशासकीय अधिकृत श्री पुर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी १७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१९. कार्यालय सहयोगी श्री सोभा कुमारी फाल

**मिति २०८२। ०६।२९ गते बस्ने निस्दी गाउँपालिकाको ९४ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा।

२. निस्दी-०३ क्याङरुङ पहिरो मा परेका परिवारको दोस्रो किस्ता निकासा सम्वन्धमा।

३. विद्यालयमा वाल अधिकार संरक्षण समिति गठन काम कर्तव्य तथा वाल सुरक्षा नीति कार्यान्वयन कार्यविधि २०८२ सम्वन्धमा।

४. पर्यटन शुल्क सम्वन्धमा।

५. मोटर बाटो मर्मत सम्वन्धमा।

६. विविध।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८२।०६।२९ गते बसेको निस्दी गाउँपालिकाको ९४ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो । सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह , जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताब नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं ३ झिरुवास क्याङरुङ पहिरोमा परि पहिलो किस्ता लिएका १४ परिवारको विपद् प्रभावित निजी आवाश प्रवलिकरण पुनर्निमाण तथा पुनरस्थापना अनुदान कार्यविधि २०८१ अनुसार दोस्रो र तेस्रो किस्ता रकम निकासाको लागी सम्वन्धित निकायमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो । निस्दी -०३ झिरुवासमा श्याम बहादुर पल्लीको घर अगलागी भएकोमा NDRRMA MIS प्रणालीमा सम्झौता गरी निस्दी गाउँपालिकाले ब्यहोर्ने साझेदारी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय पाल्पाको विविध खाता नं ३०३०१००१०२०६०००० मा जम्मा गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

३. प्रस्ताब नं ३ माथि छलफल गर्दा विद्यालयमा वाल अधिकार संरक्षण समिति गठन, काम कर्तव्य तथा वाल सुरक्षा नीति कार्यान्वयन कार्यविधि २०८२ सर्वसम्मत पारित गरियो ।

४. प्रस्ताब नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं ३ झिरुवास काउले डाँडामा उठेको पर्यटन शुल्क उठाउन हेरालु लाई निरन्तरता दिईएकोमा उठेको शुल्क नियमित दाखिला गर्ने र उठेको रकमको २५ प्रतिशत रकम हिसाव गरी विविध खर्च शिर्षकबाट प्रोत्साहन रकम प्रदान गर्ने तथा मासिक रकम रु ६००० प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो । साथै काउले डाँडा कवुलियती वनमा नेपालको राष्ट्रिय झण्डा विविध खर्च शिर्षकबाट राख्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

५. प्रस्ताब नं ५ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय नं ३ मा वडा नं १ वाकामलाङ ,वडा नं २ सहलकोट र वडा नं ३ झिरुवासमा क्रमश १-१ लाख नबढ्ने गरी ब्याकहोलोडरबाट मोटर बाटो मर्मत गर्ने निर्णयमा जिल्ला दर रेट अनुसार कुनै प्रस्ताब पेश नभएकोले उक्त बजेट शिलिङ अनुसार वडा नं ४ मित्याल वडा नं ७ ज्यामिरे र वडा नं ६ अर्चलेमा मोटर बाटो मर्मत गर्न ब्याकहोलोडर भाडामा लिने निर्णय गरियो । बाँकी वडामा गाउँपालिकाको ब्याकहोलोडरले मर्मत गर्ने निर्णय गरियो । साथै पर्वको समयमा यात्रुहरुलाई सहज गराउन मित्याल- आरुङ खोला , मुढावास, धिर्जे क्षेत्रको मोटर बाटो मर्मतको लागत अनुमान तयार गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश,नेपाल
मित्याल, पाल्पा

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष

६. प्रस्ताब नं ६ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क) ९ औं मण्डली कप - २०८२ पुर्वखोला गाउँपालिकामा यस गाउँपालिकाको प्रतिनिधित्व गरी निस्दी खेलकुद विकास समितिलाई सहभागी हुन व्यवस्थापन खर्च रु ७० हजार निस्दी खेलकुद विकास समिति विविध शिर्षकबाट प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख ) निस्दी गाउँपालिका वडा नं -०७ ज्यामिरे मदनपुरमा हाल सम्म पनि मोटरबाटोको पहुँच नभएको , गाउँपालिकाले गत आ.व मा ठेक्का प्रकृया गर्दा निर्माण व्यवसायीले अलपत्र पारेको र गाउँ पालिकाले नियमानुसार अलपत्र पारेको व्यवसायी लाई कारवाही गरेकोमा जनताको माग , प्राविधिक प्रतिवेदनका आधारमा आ व २०८२/०८३ मा निस्दी-०७ मदनपुर मोटर बाटो निर्माण रु २५ लाखको आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

ग) निस्दी गाउँपालिकाको ठेक्का नं EGP/NCB/WORKS (HB)/NRM/03-077/078 को सम्झौता म्याद थपको लागी माग भई आएकोमा यस पालिकाबाट अनुगमन गर्दा भौतिक प्रगति करिब ९२ प्रतिशत देखिएको र बाँकी काम असोज महिनाको अविरल बर्षा , युवाहरुको जेन जेड आन्दोलनका कारण काबु बाहिरको परिस्थिती देखिन गई सम्पन्न नभएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० अनुसार उक्त आयोजनाको सम्झौता म्याद मिति २०८२ पौष मसान्त सम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

घ) निस्दी गाउँपालिकाबाट मिति २०८२/०५/२४ गते प्रकाशित भएको (साझेदारीमा व्यवसायिक फार्म प्रवर्दन ५० प्रतिशत अनुदान) सूचनाको आधारमा रित पूर्वक पेश भएको १ मात्र प्रस्ताब सुमन वंगुर फार्म निस्दी-०५ पाल्पा भएकोले प्रस्ताब स्वीकृत गरी सम्झौता गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष